## "कृषि, खानी, पर्यटन, र पूर्वाधार, सम्बृद्ध शुभकालिकाको आधार"

**शुभकालिका गाउँपालीका**

**छैटौ गाउँ सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७८/२०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम**

गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

सद्धेय सभा अध्यक्ष ज्यू,

गाउँसभा सदस्यज्यूहरु

नेपालको संविधान, संघीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई मध्यनजर गदै, स्थानीय सरकारको नीति, कार्यक्रम तथा वजेट मार्फत विकासको मार्गचित्र निर्माण गर्ने उदेश्यले आगामी आर्थिक वर्ष २०७८ /२०७९ को वार्षिक वजेट नीति तथा कार्यकम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु । सर्वप्रथम कोभिड १९ कोराना भाईरसको महामारी तिव्ररुपमा फैलिरहेको अवस्थामा पनि हाम्रो निमन्त्रणालाई स्विकार गरी यस सभामा उपस्थित उपस्थित गाउँ सभाका सदस्य ज्यूहरुलाई शुभकालिका गाऊँ कार्यपालिकाको तर्फवाट हार्दिक स्वागत गर्दछु।

नेपालको संविधान जारी भए पश्चात, स्थानीय तहको चुनाव पछी, पाँचौ बर्षमा शुभकालिका गाँउपलिका स्थानीय सरकारको आ.व. २०७८/२०७९ को वार्षिक वजेट नीति तथा कार्यकम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन,सशस्त्र जनयुद्ध लगायत प्रदेश स्थापनाको आन्दोलनमा ज्यान गुमाउनु हुने शहिदहरु, वेपत्ता पारिएका व्यक्ति तथा घाईते योद्धाहरुलाई उच्च सम्मान प्रकट गर्दछु।

आज विश्व कोरना भाईरस कोभिड १९ संक्रमणका कारण आक्रान्त भएको छ, जसको असर नेपालको कर्णाली प्रदेश हुदै कालीकोटमा पनी परेको छ । कोरना भाईरस कोभिड १९ दोस्रो लहर अर्न्तगत शुभकालीका गाउँपालीका विभिन्न वडाका २४६ जनालाई एन्टीजेन र २०६ जनाको PCR गरीएको थियो । जसमध्ये ११५ जनामा कोरना पोजिटीभ देखीएको थियो । हाल सम्म ९८ जनाले कोरना जितेर पहीलेको अवस्थामा आइ सकाका छन भने १ जना ५६ वर्षका दमको रोगी कोरना पोजिटीभ भएको व्यक्तिको दुखत निधन भएकोमा मृतक प्रति हार्दिक श्रदानजली व्यक्त गर्दछौं । यस जोखीमपूर्ण परिस्थीतिमा अग्रपंतिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मि, कर्मचारी, स्वयम सेवक, जनप्रतिनिधी, सवारी चालक, व्यपारी र कोरना नियन्त्रणमा सहयोग गर्नुहुने सम्पुर्ण दाजुभाई दिदि बहीनी प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सभा अध्यक्ष महोदय,

नेपालको दुर्गम कर्णाली प्रदेश कालिकोट जिल्ला शुभकालिका गाऊँ पालिकामा एकातर्फ आर्थिक, सामाजिक, प्राकृतिय श्रोत, सडक, विद्युत, स्वास्थ्य, शिक्षाको हिसावले पछाडी परेको गाऊँ पालिका हो भने अर्को तर्फ भौगोलिक, सांस्कृतिक, सम्पदाको धनि ,सौन्दर्यताले सिगारिएको विर सपुतहरुको तपोभुमी यो पालिका धेरै सम्भावना ओगटेर बसेको भुमी हो । यस गाउँ पालिकामा २९८१ घरधुरी, कुल जन संख्या १७९२० रहेको छ । सक्रिय उमेरका ४२ प्रतिशत युवाहरु मध्ये २५ प्रतिशत रोजगारीको लागि भारत लगायत अन्य खाडी मुलुकमा गएर काम गर्न बाध्य छन । यस गाउँ पालिकाको ८२ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न भएतापनि आफ्नो उत्पादनबाट सरदर ३ महिना मात्र खान पुग्ने घरधुरी २५ प्रतिशत , ३ देखी ६ खान पुग्ने ३८ प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने २८ प्रतिशत र बाह्र महिना खान पुग्ने ९ प्रतिशत घरधुरी रहेको छ । यस गाउँ पालिकाको बार्षिक औषत उत्पादन १.३ मे टन प्रति

चौलागाईं
अध्यक्ष

Scanned with CamScanner

हेक्टर देखिएको छ, जुन राष्ट्रिय औषत उत्पादन भन्दा कम देखिन्छ । आधुनिक व्यवसायिक कृषि प्रणाली, उन्नत जातका पशुपालन तथा बजारीकरणको अभावले कृषि क्षेत्रमा अपेक्षित आत्मनिर्भरता प्राप्त हुन सकेको छैन ।

कर्णाली लोकमार्गसंग आशिंकरुपमा जोडिएको भएता पनि गाउँपालिकाको केन्द्र लगायत स्थानीय बजार केन्द्रमा सडक संजाल जोड्न नसकिएको कारण स्थानीय स्तरमा उत्पादित कृषि तथा वनजन्य वस्तुहरुको राम्रो बजारिकरण हुन सकेको छैन । शुभकालीका गाउँ पालिका जल जंगल, खनिज, जडीबुटी, वन्यजन्तु , पशुपालन, अन्नवाली, फलफुल , र ठुलो मानविय श्रोत भएको गाऊँ पालिका हो । यि कुराको संरक्षण र उपयोग गर्न सकेपछि गाउँ पालिकाको आर्थिक विकासमा ठुलो सम्भावाना छ । जलश्रोतको उचित उपयोगले यो गाऊँ पालिका पुर्ण रुपले प्रकाशमय हुनेछ भने , विभिन्न प्रकारका पर्यटकिय क्षेत्रले गर्दा आयआर्जनमा बृद्धि हुने छ । विकासका आयमहरुलाई यथार्थतामा बदल्न भौतिक विकासको साथसाथै मानविय विकासलाई समेत संगसंगै लैजानु पर्ने अपरिहार्यता रहेको छ । यस गा पा मा ४४ वटा बालविकास केन्द्र, २० वटा आधारभूत विद्यालय, ७ वटा माध्यामिक विद्यालय संचालनमा छन् । यस पालिकामा विद्यार्थी भर्ना दर ९८ प्रतिशत, विद्यालय छाड्ने दर ३ प्रतिशत भएता पनि महीला शाक्षरता ७६ प्रतिशत ८२ प्रतिशत गरी कुल ७९ प्रतिशत मात्र देखीन्छ । यस पालिकामा शिक्षको गुर्णस्तर सुधारका साथै प्राविधी शिक्षालयको व्यवस्था गरि सबै सरोकार वालाहरु जिम्मेवार भएर लाग्नु पर्ने देखीन्छ ।

शुभकालिका गाउँपालिकाको दुरदृष्टि **"कृषि ,पर्यटन, खानी र पूर्वाधार, समृद्ध शुभकालिकाको आधार"** लाई साकार बनाउन गाँउपालिकाले पाँचौ पटक निति तथा कार्यक्रम तय गरेको छ । यस गाउँपालिकाले शैक्षिक, आर्थिक र सामाजिक रूपान्तरणमार्फत् समृद्धि हासिल गर्ने सङ्कल्प गरेको छ । उक्त सङ्कल्पको सफल कार्यान्वयनका लागि स्रोतहरुको उचित प्रयोग,पूर्वाधारहरूको समग्र विकास, योजनाहरुको प्रभावकारी अनुगमन, शुशासन तथा सकरात्मक सोचको विकास हुनु जरुरी छ । निति विनाको वजेट लगाम विनाको घोडा जस्तै हो । त्यसैले गाँउपालिकाको विगतका वजेट तथा कार्यक्रमको व्यापक समिक्षा गरी सरोकारवालाहरुसँगको छलफल तथा विज्ञहरुको सुझावलाई समेत मध्यनजर गरी उल्लेखीत परिकल्पनालाई सान्दर्भिक वनाउन शुभकालीका गाउँपालीकाले लिएका निति तथा कार्यक्रम प्रस्तुत गर्न सभा अध्यक्ष समक्ष अनुमती चहान्छु ।

१) गाँउपालिकाको समग्र विकासका साथै उत्पादन बृद्धि तथा रोजगारी सिर्जना गर्न कृषिमा प्रविधि हस्तान्तरण, टोल टोलमा अगुवा कृषक प्रोत्सहान, अर्गानिक र स्थानीय उत्पादनमा आधारित साना उद्योग संचालन लगायतका निति कार्यान्वयन गरिनेछ ।

२) **यूवा उद्यमी प्रोत्साहन कार्यक्रम** अन्तर्गत प्रत्येक वडामा सवैभन्दा धेरै भैसी पालन गर्ने २ जना र सवैभन्दा धेरै भेडा बाख्रा पालन गर्ने ३ जना गरी प्रत्येक वडा ५ जनालाई एकमुष्ट १२००० प्रोत्साहन प्रदान गरिने छ ।

३) रोजगार सेवा केन्द्रमा दर्ता भएका ४७६१ वेरोजगार व्यक्ति लाई विभिन्न रोजगार कार्यक्रम मार्फत कम्तीमा १०० दिनको रोजगारी प्रदान गरिनेछ । रोजगार कार्यक्रम र गाँउपालिका विच साझेदारी गरी अन्य योजनामा समेत रोजगार मापदण्ड वमोजिम कामदारहरुको खातामा ज्याला भुक्तानी गरिनेछ ।

४) विशेष आवश्यकता भएका गर्भवती, वहु अपांगता भएका व्यक्ती, वेसहारा तथा महामारी पिडित, मुटुरोग, क्यान्सर, मिर्गौला पिडीत, पाठेघर सम्वन्धी समस्या भएका व्यक्तिको जिल्ला वाहिर उपचार गर्नु पर्ने भएमा उपचारका लागि सहयोग गरिनेछ ।

५) कोरोना तथा विपदका कारण नुन खरीद गर्न जनतालाई समस्या भएकोले जनतालाई निशुल्क नुन वितरण अर्न्तगत प्रत्येक घरधुरीलाई १० पोकाका दरले नुन वितरण गरिनेछ ।

६) गाँउपालिकाबाट नियुक्त करार कर्मचारी र शिक्षकहरुको मासिक २००० का दरले तलब बृद्धि गरिएको छ ।

७) प्रत्येक वडाको उपयुक्त स्थानमा खेल मैदान तथा मनोरञ्जन सामाग्री सहितको बाल उद्यान बनाईनेछ ।

८) कोभिड १९ का कारण लामो समय देखि संचालन हुन नसकेका विद्यालयहरु विभिन्न बैकल्पीक उपाय अपनाई संचालन गरिनेछ । विद्यालयमा पठन पाठन हुन सक्ने नभएमा टोल तथा गृह विद्यालय अवधारणा संचालन गरिनेछ ।

९) विद्यालय बाहिर रहेका वालबालिकालाई भर्ना अभियान संचालन गरी विद्यालय भर्ना गर्ने तथा विद्यालय छोडेका र विद्यालय नआएका बालबालिकाहरुका लागि अनिवार्य विद्यालय भर्ना गर्न तथ्यांक संकलन गरी विशेष अभियान संचालन गरिनेछ । भौगालिकरुपमा अत्यन्तै विकट वस्तीमा वैकल्पीक विद्यालय स्थापना गरिनेछ ।

Scanned with CamScanner

१०) गाउँपालिका भित्रका अपांगता भएका बालबालिकाहरुका लागि आधारभुत आवासीय स्रोत विद्यालय बनाउने । अपाङ्गता भएका, दलित, विपन्न, जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न विशेष समावेशी कार्यक्रम लागु गरिनेछ ।

११) कोरोना भाईरस रोग संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि उच्च प्राथमिकता दिई औषधी तथा औषधी जन्य सामाग्रीको सहज आपुर्ती , अधिकतम नागरिकलाई खोप तथा स्वास्थ संस्थाहरुको स्तर उन्नति गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

१२) गाँउपालिका मार्फत संचालित आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई र स्वास्थ्य चौकीमा आवश्यक औषधी, उपकरण र दक्ष जनशक्तिको व्यवस्थापन गरी सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन बजेट निनियोजन गरिनेछ ।

१३) गाँउपालिकामा हुन सक्ने महामारी तथा विपद व्यवस्थापनको लागि आकस्मिक योजना तथा कोष स्थापना गरिनेछ । साथै २४ सै घण्टा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीको लागि स्थानीय तहबाट थप सुविधाको व्यवस्था गरिनेछ ।

१४) गाउँपालिकामा कम्तीमा एउटा सार्वजनिक पुस्तकालय तथा संग्रालयको स्थापना गरी सूचना तथा सञ्चार प्रविधियुक्त आधुनिक पुस्तकालय सेवा तथा लोक संस्कृति संरक्षण गरिनेछ ।

१५) व्यक्तिगत घटना दर्ता कार्यलाई पुर्णरुपमा अनलाईन प्रणाली मार्फत कार्यान्वयन गरिने छ ।

१६) विद्यालय र स्वास्थ्य संस्थालाई ज़ोड्न विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच तथा किशोर किशोरीलाई परामर्श सेवा प्रदान गरिनेछ ।

१७) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन विभिन्न सरकारी तथा गैरसरकारी निकाय सँग समन्वय गरी स्रोत संकलन तथा व्यवस्थापन गर्न आवश्यक साझदारी तथा समन्वय गरिनेछ ।

१८) सबै खाले बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको अनिवार्य व्यवस्था मिलाइने छ । साथै अपांगता भएका बालबालिकाहरुका लागि घरमै सिकाई वातावरण बनाईने छ ।

१९) विद्यालय, तथा वाल विकास केन्द्रहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।, जोखिममा रहेका बालबालिकाहरुका लागि शिक्षा, स्वास्थ्य तथा आयआर्जन सहयोग प्रदान गरिनेछ ।

२०) विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय निकाय, समुदाय तथा संघसंस्थाहरूलाई परिचालन गरी विद्यालयको घेरावार, खेल मैदान, विद्यालय जाने आउने वाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री बनाईनेछ ।

२१) पठनपाठनलाई प्रभवकारी बनाउन प्रविधि मैत्रि शिक्षा लागु गर्न प्रोजेक्टर, स्मार्ट बोर्डको माध्यम बाट अध्यापन गरीने छ । सबै विद्यालयमा ईन्टरनेट सेवा विस्तार गरी ईमेलका माध्यामबाट पत्राचार तथा कार्य सम्पादन गरिनेछ ।

२२) जल सम्पदा, वन सम्पदा, खनिज सम्पदा, जडिबुटी, मांटो सम्पदा, कला र संस्कृति जस्ता विषयमा विशिष्टीकृत अनुसन्धान केन्द्रहरू निर्माण गरिनेछ । कृषि उत्पादन ,फलफुल र तरकारी सम्बन्धी अनुसन्धानमूलक स्थानीय पाठ्यक्रम बनाइ यसै बर्ष देखि लागु गरिनेछ ।

२३) स्थानीय श्रम बजारको आवश्यकता र प्राथमिकताका आधारमा वेरोजगार युवाहरुको लागि योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा पहुँचको अवसर प्रदान गर्नका लागि गाउँपालिकाको पायक पर्ने स्थानमा एक व्यावसायिक तालिम केन्द्र सञ्चालन गरिने छ ।

२४) गाउँपालिकाको महादेव मा.वि.राराकाटीयामा साधन सम्पन्न कृषि प्राविधिक शिक्षालयको गुणस्तर सुधार गरी पढ्दै सिक्दै कार्यक्रम विकास गरिनेछ ।

२५) वहुआयामिक गरिबीको क्षेत्र भित्र परेका, गरिवी परिचय पत्र प्राप्त गरेका, बहिस्करणमा परी वहुपक्षीय मारमा परेका, आर्थिक रूपमा पछाडि परेका, दलित, लोपोन्मुख, सीमान्तकृत, अपाङ्गता भएका साथै उच्च शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित भएकाहरूका लागि आवासीय सुविधा सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर प्रदान गन निति लिईएको छ ।

२६) स्थानीय वजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन र तोकिएको मापदण्डका आधारमा सबै वडामा प्राविधिक, वहुप्राविधिक तथा व्यावसायिक शिक्षा प्रशिक्षण केन्द्र तथा सीप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ ।

२७) सबै शाखा तथा वडा स्तरीय कार्यलयमा सुचना प्रणालीको प्रयोग गरिनेछ । ,

बडानन्द चौलागाईं
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

२८) आधारभुत तहको प्रत्येक कक्षामा विद्यार्थीको प्रोफाईल, निजाई सिकाइ प्रगति तथा क्रियाकलापको अभिलेख र अन्तिम परीक्षाको नतिजासमेतलाई एकीकृत गरी ग्रेड निर्धारण गरिनेछ ।

२९) विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउने । हरेक विद्यालयमा विद्यार्थी, शिक्षक र अभिभावकको सक्रियतामा बगैंचा निर्माण गर्ने । नियमित रुपमा वृक्षारोपण र संरक्षण कार्यक्रम गरी फूलबारी तथा फलफूल लगायतका बोटविरुवाले विद्यालय सु-सज्जित गरी वातावरण मैत्री हरित संस्थाको रुपमा विकास गरिनेछ ।

३०) सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्यसम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

३१) सार्वजनिक विद्यालयको सामाजिक परिक्षणलाई विद्यालय अनुदानको लागि अनिवार्य सर्तका रुपमा व्यवस्था गरिनेछ । आलेप शाखाबाट विद्यालयको आन्तिरिक लेखा परिक्षण गरिनेछ ।

३१) विद्यालय तहको शैक्षिक सेवा प्रवाहमा सुधारका लागि राम्रा विद्यालयको अध्ययन भ्रमण र विद्यालय व्यवस्थापन समितिहरूबिच ज्ञानको आदान प्रदान गर्ने कार्यक्रमहरुका घुम्ती बैठकको सुरुवात गरिनेछ ।

३२) पालिकामा संचालित निजी स्वास्थ्य संस्थाको स्तर उन्नति तथा नियमित अनुगमन गरिनेछ ।

३३) हरेक विद्यालय, स्वास्थ्य संस्थातथा वडा कार्यलयका प्रमुखहरुले वार्षिक रूपमा संस्थाको व्यवस्थापकीय गतिविधि र गुणस्तरको विषयमा गाउँपालिका समक्ष प्रतिवेदन बुझाउने व्यवस्था गरिनेछ ।

३४) सबै निकायमा कार्यसम्पादन मूल्याङ्कन करार सम्झौता कार्यान्वयन गर्ने । वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ट हुने शिक्षक तथा कर्मचारीलाई लाई स्थानीय तहले पुरस्कार तथा सम्मान प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३५) स्थानिय स्तरमा पाईने जडिबुटीहरुको संरक्षण, दिगो उपयोग, प्रशोधन तथा बजारिकरण गरिनेछ ।

३६)गाउँपालिकाको योजनाबद्ध विकासका लागि जल उपयोग गुरुयोजना, आवधिक योजना, शिक्षा निति, विपद व्यवस्थापन कार्य योजनाको पुर्ण कार्यान्वयन गरिनेछ ।

३७) महिला, दलित, जनजाति तथा सिमान्तकृत जाति र समुदायलाई शसक्तिकरण गर्नका लागि लक्षित वर्ग विशेष कार्यक्रम लागु गरिनेछ ।

३८) प्रधानमन्त्री रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत लक्षित वर्ग तथा कोराना प्रभावित व्यक्तिलाई प्रथामिकतामा राखी उनीहरुको रोजगारी र जिविकापार्जनको लागि कार्यक्रम बनाईने छ ।

३९) गाँउपालिकालाई सवै सुचकहरु पुरा गरी स्थानीय बालमैत्री शासन लागु भएको गाँउपालिका घोषणा गरिनेछ

४०) संरक्षणको आवश्यकता भएका अभिभावक विहीन बालबालिकाहरुको बाल हित कोष स्थापना गरी, सुविधा सम्पन्न बाल गृह स्थापना लागि पहल गरिनेछ ।

४१) एकल महिला र जोखिममा रहेका किशोरीहरुलाई विशेष सहयोग गर्न उपाध्यक्ष बालिका संरक्षण कार्यक्रम र उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४२) सामुदायिक स्वास्थ्य इकाईमा आवश्यक दरवन्दी माग गरी प्रत्यक वडामा प्रभावकारी र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरिने छ । गाउँपालिकामा ५ शैयाको अस्पताल वनाई स्वास्थ्य प्रयोगशाला स्थापना गरी विषेशज्ञ डक्टरको व्यवस्था गरिने छ ।

४३) **फलफुल पकेट क्षेत्र विकास कार्यक्रम** अन्तर्गत कम्तिमा एक घर १०० वोट फलफुल फलाउने लाई एकमुष्ठ १०,०००। वरावरको प्रोत्साहन स्वरुप प्रविधी तथा औंजार उपलब्ध गराईने छ ।

४४) वेरोजगार युवाहरुलाई सिपमुलक तालिम प्रदान गरी आत्मनिर्भर र स्वरोजगार वनाईने छ ।

४५) न्यायिक सेवालाई व्यवस्थित गर्न न्याय सम्पादन कक्ष स्थापना गरिने छ ।

४६) **सुरक्षित जनता आवास कार्यक्रम** मार्फत घर विहीनहरुका घर निर्माण तथा अती जोखीममा रहेका व्यक्तिका घरलाई मर्मत गरिने छ ।

४७) राजश्व संकलनका आधारमा सम्बन्धित वडालाई २० प्रतिशत राजश्व फिर्ता गरिनेछ । वडा कार्यालयमा समेत सफ्टवयर खरीद गरी अनलाईन प्रणालीको विकास गरिनेछ ।

४८) भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशिलताको निति अवलम्वन गरी स्थानिय तहलाई पारदर्शी, छरितो, र सवै सेवाहरु अनलाईन बाट प्रभावकारी वनाईने छ ।

४९) कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त वनाउनका लागि मासिक प्रतिवेदन पेश गर्ने तथा अनिवार्य रुपमा चौमासीक समिक्षा गरी उत्कृष्ठ कार्य सम्पादन गर्ने कर्मचारी लाई गाउँ सभावाट पुरस्कृत गरिने छ ।

Scanned with CamScanner

५०) संचारलाई प्रभावकारी वनाउन बाजथला र घुमथलामा रहेको टावरको क्षमता वृद्धी गरी फोर जी सेवा संचालन गरिने छ।वडा नं ७ र ८ मा टेलिफोन सेवा सुचारु गर्न आवश्यक पहल गरिने छ।
५१) गाउँपालिकामा रहेको एफ. एम. रेडियो मार्फत चेतना अभिवृद्धी, विपद पूर्व तयारी, सामाजिक कुरीतीको अन्त्य तथा सामाजिक जागरणका लागि विशेष रेडीयो कार्यक्रम संचालन गरिने छ।
५२) स्थानिय स्तरमा उपलब्ध कच्चा पदार्थको सम्भाव्यता अध्ययन गरी एक वडा एक उद्योग स्थापना गरि कार्यन्वयनमा ल्याईने छ।
५३) गाउँपालिकामा रहेका काईनाईट, स्लेट लगायतका खानीहरुको उत्खनन तथा बिक्रि वितरणका लागि कार्यविधी वनाई व्यवस्थित वनाईने छ।
५४) स्थानिय स्तरमा उत्पादित तथा उपलब्ध विउ, विरुवा तथा कच्चा पदार्थलाई अनिवार्य उपयोग गर्ने निती अवलम्वन गरिने छ। यस बर्ष हेल्भेटास नेपाल सँग साझेदारी गरी ओखर खेति प्रवद्धन कार्यक्रम लागु गरिने छ।
५५) स्थानिय स्तरमा आवश्यक वस्तु तथा सेवाको सहज उपलव्धता तथा वजारिकरणका लागि हाट वजार संचालन, मेला महोत्सव आयोजना तथा संकलन केन्द्र स्थापना गरिने छ।
५६) जनताको धन, जल जडिवुटी वन्यजन्तु र वन भन्ने मुल नारा लाई साकार पार्न वन तथा वातावरणको संरक्षणका लागि वन रक्षक परिचालन गरी वन जंगलको संरक्षण गरिने छ।
५७) **खोरिया तथा वाँझो जग्गामा वृक्षारोपण कार्यक्रम** अन्तर्गत दिवश विशेष वृक्षारोपण, जरिवाना वापत वृक्षारोण, तथा दिवंगत व्यक्तिको सम्झनामा रुख रोप्ने अभियान संचालन गरिने छ।
५८) गाउँपालिकामा कम्तिमा १ वटा वनमा तथा कृषिमा आधारित नर्सरी स्थापना गरी वृक्षारोपणका लागि आवश्यक पर्ने विरुवा स्थानिय स्तरमा नै उत्पादन गरिने छ।
५९) रेडपाण्डा, वाघ लगायतका दुर्लभ वन्यजन्तु संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिने छ।
६०) गाउँपालिकाको महामारी तथा प्रकोपको जोखिम बिश्लेषण गरी विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि कोष स्थापना तथा पुर्वतयारी योजना कार्यान्वयन गरीनेछ।
६१) सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्न यस गाँउपालिका अर्न्तगतका सबै वडामा साउन १ गते देखि बैंक खाता मार्फत अनिवार्य भत्ता वितरण, फोटो सहितको तथ्यांक अध्यावधिक गरिनेछ।
६२) सबै वडामा शान्ति सुरक्षाको प्रत्याभूति गर्न भर्ता र कालिकामा समेत प्रहरी चौकी स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।
६३) गाँउपालिकाको असुरक्षित तथा अव्यवस्थित बस्ती विकासको लागि एकीकृत बस्ती विकास कार्यक्रम लागु गरी उपयुक्त स्थानमा नमुना वस्ती निर्माण गरिनेछ। वडा नं ८ को घट्खेत र वडानं ६ हाउडीको सबै जोखिम घरघुरीलाई व्यवस्थीत स्थान्तरणलाई निरन्तरता दिईने छ।
६४) शुभकालीका गाउँपालीकाको सडक पहुँच विस्तारको लागि व्याउली - पान्तडी, सेरी- पान्तडी, आठबीस -भर्ता सडकको निरन्तरताको लागि प्रदेश तथा संघमा माग गरिनेछ।
६५) गाँउपालिकाको पहलमा निर्माणाधिन लामाचिउरी -दहचौर, भर्तागाढ- राराकाटिया, डौठा-सुकाटिया हाउडी लगायतका सडकमा निरन्तरता दिईनेछ। साथै प्रस्तावित मोल्फा-घट्टेगाड, वद्रिगाउँ- राराघाट हुदै राराकाटीया, काली -भर्तागाड- सुन्दर गाउँ हुदै पर्सामखोला, दैखोला- छाती तिजथला हुदै भर्ता छेलोहान्ना, किलोहान्ना- भर्ता, भुदानथान- भर्ता, रातीमाटी- थुनी भर्ता लगायतको सडक निमार्णको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।
६६) गाँउपालिकामा राष्टिय प्रशारण लाईन जडानको लागि पहल गरिनेछ। स्थानीय लघु जलविद्युत योजनाको बाँकी काम तत्काल सम्पन्न गरी यसै वर्ष देखि हाउडीगाड र भलेटा जलविद्युत योजनालाई पूर्ण संचालनमा ल्याईनेछ।
६७) शुभकालिका गाँउपालिकामा उज्यालो अभियान अन्र्तगत सोलारबाट विजुली आयोजना सम्पन्न गरिनेछ।
६८) जलवायु परिर्वतन, प्राकृतिक प्रकोप नियन्त्रण तथा जोखिम न्युनीकरण गर्न पहिरो तथा नदी नियन्त्रणका योजना तर्जुमा गरीनेछ।
६९) गाउँपालिकाका जनताको स्वच्छ खानेपानीको पहुँच पुगाउनका लागि एक घर एक धाराको अभियान पुरा गर्न गर्न खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गर्ने सरोकारवाला निकायसंग समन्वय, सहकार्य र साझेदारी गरिने छ खानेपानी तथा सरसफाई लाई योजनावद्ध वनाउन गाउँपालिकाको एकिकृत खानेपानी तथा सरसफाई योजना तयार गरिने छ।
७०) प्रत्येक विद्यालयलाई अत्याआवश्यक उपचार सामाग्री सहित प्राथमिक उपचार विकास प्रदान गरिनेछ।

चौलागाँई
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

७१) सडक निर्माणका कारण भत्किएका सिचाई, खानेपानी तथा अन्य पूर्वाधारका संरचनाको तत्काल पुन निर्माण गरिने छ।

७२) उत्पादनशिल जमिनमा सिचाई सुविधा उपलब्ध गराई व्यवसायिक कृषी उत्पादनमा जोड दिईने छ। गाउँपालिकाको कृषी क्षेत्रको विकासका लागि खाद्यान्न उत्पादनमा आधुनिकीकरण, नगदेवाली खेती, गैरकाष्ठ वन पैदावार, दुग्ध जन्य पदार्थ, माछा पालन,मह उत्पादन, च्याउ खेती, प्रवर्द्धन गर्ने विशेष कार्यक्रम लागु गरिने छ

७३) गाउँपालिकाको स्वामित्वमा रहेका सामाग्री, विधुतिय सामानहरु तथा अन्य सम्पुर्ण सम्पतीको संरक्षण, प्रयोग र मर्मत संभारका लागी सम्पती व्यवस्थापन प्रणाली तयार गरी कार्यान्वयन गरिने छ।

७४) यस गाँउपालिकाबाट वजेट विनियोजन भएका योजनाहरुको कार्यान्वयन निम्न तालिका अनुसार गर्ने।

| क्र.स | विवरण | समय |
|---|---|---|
| १ | डिजायन स्टेटमेन्ट | भदौ मसान्त सम्म |
| २ | योजना सम्झौता | असोज मसान्त सम्म |
| ३ | काम संचालन | कार्तिक १ गते देखि |

७५) व्यवसायिक पशुपालन अन्तर्गत गाउँपालिकामा उन्नत जातका वाख्राको श्रोत केन्द्र स्थापना र विस्तार गरिने छ

७६) पालिका स्तरमा रहेका कृषी, पशु तथा अन्य समुह, सहकारी तथा निजी फर्महरुको सुचीकृत, प्रवर्द्धन तथा स्तरोन्ती गरिने छ। साथै वन उपभोक्ता समिति , सहकारी हरुलाई सवलीकरण गरिनेछ।

७८)कृषी उत्पादंनका लागि प्रयोग भईरहेको राशायनिक मल तथा विषादीको प्रयोगलाई न्युनिकरण गरी अर्गानिक कृषी उत्पादनमा जोड दिईने छ।

७९) विषयगत शाखाहरुले कार्यान्वयन गर्ने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वंयनका लागि अनुगमन प्रणालीलाई व्यवस्थित बनाईने छ।

८०) राजश्व संकलनका आधारमा सवैभन्दा बढी राजश्व संकलन गर्ने उत्कृट वडालाई २० प्रतिशत वजेट सम्वन्धित वडालाई राजश्व फिर्ता गर्ने निति अवलम्वन गरिनेछ।

८१) राजश्व संकलनको लागि सफ्टवयर खरीद गरी प्रत्येक वडामा कार्यान्वयन गरिनेछ। शुभकालिका गाँउपालिका लाई २०८० साल सम्म डिजिटल प्रविधियुक्त गाँउपालिका वनाईने छ।

८२) एक स्थानीय तह एक पशुपंछी उत्पादन कार्यक्रममा साझेदारी गरी कार्यान्वयन गरिनेछ

८३) गाउँपालिका भित्र संचालित विद्यालयहरु स्थानीय मापदण्डका आधारमा नक्सांकन गरी समायोजन तथा स्थानान्तरण गर्ने। आधारभूत तहका वालवालिकाले आधा घण्टा र माध्यमिक तहका वालवालिकाले एक घण्टाको दुरीभन्दा वढी हिंड्नु नपर्ने गरी विद्यालय मिलान वा स्थापना गरिनेछ।

८४) वालविकास केन्द्रका निश्चित मापदण्ड बनाई प्रत्येक वर्ष कम्तिमा ५ वटा वाल विकास केन्द्रलाई नमुना वालविकास केन्द्र वनाईनेछ। सबै विद्यालयमा वाल विकास केन्द्र स्थापना गरिनेछ। समुदायमा आधारित वाल विकास केन्द्रलाई समेत व्यवस्थित वनाईनेछ । वाल विकास केन्द्रको भौगलिक दुरी र विद्यार्थी संख्याको आधारमा वाल विकास केन्द्र समायोजन गरिनेछ।

८५) सुनौला १००० दिनका आमालाई लक्षित गरी उपाध्यक्ष सुत्केरी स्याहार कार्यक्रमर प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा चेक जाँच गर्न आउने आमालाई १ /१ क्यारेट अण्डा सहयोग गरीनेछ।

८६) यस गाँउपालिकामा स्वास्थ्य सेवाको लागि गाँउपालिकाबाट एम्बुलेन्स खरीद गरिनेछ।

८७) विद्यालयको तह र विद्यार्थी सङ्ख्यालाई दृष्टिगत गरी शैक्षिक मापदण्डका आधारमा शिक्षक कर्मचारीको दरवन्दी कायम तथा मिलान गरी दरवन्दी अनुरुप प्रत्येक विद्यालयमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्तिको व्यवस्था गरिनेछ ॥

खडानन्द चौलागाईं
गाउँपालिका अध्यक्ष

८८) गाउँपालिकामा शिक्षाको गुणस्तर कायम गर्न गुणस्तरीय मापन/मानक तयार गरि विद्यालयको वर्गीकरण तथा स्तर र आवश्यकता अनुसारको सहयोग गर्ने निति लिईनेछ । गाउँपालिकामा निर्धारित गुणस्तर मापदण्ड तथा सूचकहरुको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरी त्यसका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

(८९) वहुक्षेत्रीय पोषण कार्यक्रम लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी पोषण वगैंचा, कुपोषीत वालवालिका लाई पौष्टिक आहारा वितरण, नियमित स्वास्थ्य जाँच तथा लिटो वडा स्तरमा नै वितरण गरिने छ ।

९०) गाँउपालिकामा कार्यक्रम लागु गरिरहेका तथा नयाँ योजना लागु गर्न ईच्छुक विभिन्न दातृ निकायहरुलाई शुभकालिकामा स्वागत गर्ने तथा आवश्यक साझेदारी र समन्वय गरिनेछ ।

९१) राष्टिय परिचय पत्र तथा पंजीकरण विभागको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदिढीकरण आयोजनाको लागि आवश्यकता अनुसार साझेदारी गरिनेछ ।

९२) उपभोक्ता समिति मार्फत कार्य संचालन हुने योजनामा मेसिनको प्रयोग गरी काम गरेमा कम्तीमा १० प्रतिशत जनश्रमदान गर्नु पर्नेछ ।

९३) प्रत्येक योजनाको ४ प्रतिशत रकम कन्टीजेन्सी रकम र १ प्रतिशत रकम पालिकाको मर्मत सम्हार कोष मा जम्मा गरीनेछ ।

९४) युवाहरुलाई खेलकुदमा प्रोत्साहन वढाउन पालिका स्तरीय अध्यक्ष कप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन तथा जिल्ला भित्र तथा वाहिर संचालन हुने खेलकुद प्रतियोगितामा खेलाडीहरुलाई सहभागिताका लागि प्रोत्साहन गरिने छ ।

९५) साना तथा घरेलु उद्योग संचालन गर्ने युवाहरुलाई व्यवसाय विस्तारका लागि अनुदान तथा सहुलियत व्याजको ऋण उपलब्ध गर्ने व्यवस्था गरिने छ ।

९६) लघु उद्यम विकास कार्यक्रम अर्न्तगत उद्यमीहरुको पहिचान गरी उद्यम संचालन तथा संचालनमा रहेका उद्यमहरुको स्तरोन्नति गरिने छ ।

९८) सवै नागरिकलाई सुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्श सहितका सचेतानामुलुक कार्यक्रम संचालनका साथै घरेलु उपचार विधिवाट रोग प्रतिरोधी क्षमता वढाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

९९) स्वास्थ्य क्षेत्रको सवलीकरण गर्न गाउले आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता, खोप सेवाको सुनिश्चितता, औषधी एवं उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकास, स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्य सँग सम्वन्धित सवै जनशक्तिको क्षमता विकास, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, दीर्घ रोगीलाई उपचार तथा नियमित औषधी सेवनको व्यवस्था, पोषण कार्यक्रम, स्वच्छ र सन्तुलित आहार सरसफाइ र स्वास्थ्य सचेतना, एंम्वुलेन्स सेवा, औषधी तथा स्वास्थ्य सामाग्री स्टोर कक्ष व्यवस्थापन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखि संचालन गरिने छ ।

१००) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै बासिन्दाहरू विशेष गरी महिला, बालवालिका, गरीब, सिमान्तकृत, जेष्ठ नागरिक समेतको पहुँच वृद्धि गरिने छ ।

**सभा अध्यक्ष महोदय,**

अव म गत आव २०७७/२०७८ मा विनियोजित वजेट खर्च र प्रगती प्रस्तुत गर्न चहन्छु ।

(क) आ.व. **२०७७/०७८** मा यस गाउँपालिकामा भएको आय मध्य नेपाल सरकारको अनुदान अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. **१८ करोड २४ लाख ८२ हजार ८ सय १०**, वित्तीय समानीकरण अनुदान अन्तर्गत **९ करोड ५३ लाख**, विशेष अनुदान **१ करोड ६० लाख**, अघिल्लो वर्षको मौज्दात रु. **१ करोड ४४ लाख ९ हजार २ सय ९६** सामाजिक सुरक्षा तर्फ रु. **७ करोड ६५ लाख ७४ हजार ४ सय**, बैक खाता छोरीको **६ लाख**, स्थानीय पुर्वाधार साझेदारी ३५ लाख, गरिवसंग विश्वेश्वर कार्यकम अन्तर्गत रु. **७ लाख ७७ हजार**, मुख्यमन्त्री कार्यक्रम **४ करोड**

२१ लाख ३० हजार, उद्योग तथा पर्यटन बाट ४० लाख, उर्जा तर्फ १ करोड १० लाख, कामका लागि खाद्यान्न ५२ लाख १४ हजार, राष्टपति शैक्षिक सुधार ९३ लाख, सामाजिक विकास मन्त्रालयबाट १० लाख, गरी कुल वजेट रु. करोड ............ लाख ............... हजार प्राप्त भएको थियो । त्यसै गरी प्रदेश तर्फ सशर्त अनुदान २० लाख , वित्तीय समानीकरण अनुदान १ करोड १ लाख १० हजार अन्तर्गत विशेष अनुदान ४० लाख,प्रदेश समपुरक १ करोड ४० लाख गरी जम्मा ३ करोड १ लाख ६१ हजार

जस मध्ये यस आ.व.मा यर्थात खर्च चालु तर्फ १५ करोड ३८ लाख ४० हजार पुजीगत तर्फ ४ करोड २१ लाख ९७ हजार रहेको छ । साथै चालु तथा पुजीगत तर्फ काम सम्पन्न हुन बाँकी योजनाको मुल्यांकनका आधारमा भुक्तानी गरिनेछ ।सामाजिक सुरक्षा तर्फ ३ किस्ता रकम वितरण गरि सकिएको छ । अन्तिम किस्ता रकम भुत्तानीको प्रक्रियामा गएको छ ।

आ.व. २०७७।०७८ मा रु. १५ लाख आन्तरीक राजश्व संकलन गर्ने लक्ष्य राखिएकोमा रु. ८ लाख मात्र राजश्व संकलन भई अपेक्षा गरिएको रु.७ लाख राजश्व संकलन हुन सकेन ।

ग आ.व.को मुख्य प्रगती

१. सेरी भर्ता पर्जङ १.५ कि.मि., नैनेलडाँडा छाती ३ किमि. , किलोहान्ना भर्ता ६.५ , चौलागाई वाडा पर्रसाम खोला ६.७ कि.मि. , टाढ्नाकाटीया मुढीकाटीया १० कि.मि, थुमचौर लामाचिउरी १.२ कि.मि. गरी जम्मा २९ कि.मि. सडक खन्ने काम सम्पन्न भई नियमित रुपमा साना गाडीहरु संञ्चालनमा आएका छन । अवको आउने वडा दशैमा गाउँपालीकाको कार्यालय सम्म दुबै तर्फबाट गाडीमा आवत जावत गर्न सकिने छ ।

२. वडा नं. ३ को वाँझथलामा नमस्ते टावर जडान कार्य सम्पन्न भई संचालनमा आएको छ ।

३. यस गाँउपालिकाका शुभकालीका गाउँपालीका विभिन्न वडाका २४६ जनालाई एन्टीजेन र २०६ जनाको PCR टेस्ट गरीएको थियो । जसमध्ये ११५ जनामा कोरना पोजिटीभ देखीएको थियो । हाल सम्म ९८ जनाले कोरना जितेर पहीलेको अवस्थामा आइ सकेका छन । स्वास्थ्य सरसफाईका सामाग्रीहरु वितरण गरीएको छ ।

५ गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्य मन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिकाका २९०० जना वेरोजगार युवाहरुलाई रोजगार पाएका छन् । जसवाट गाउँपालिकाका सवै वडामा ५० वटा योजनाहरु निर्माणा भएका छन । ९.७०० कि.मि. बाटो आर सि.सि. भएको छ । २५० जना फरक क्षमता भएका काम गर्न नसक्ने व्यक्तिलाई २४०००। का दरले प्रोत्साहन रकम पाएका छन ।

६. वडानं.२,३,४ र ६ मा २.५ किमि. सिंचाई कुलो पि.सि.सि र आर सिसि भएका छन् । त्यसैगरी विभिन्न वडामा १२ वटा सिचाई कुलो, १६४ वटा धारा, ९ वटा पोखरी, ५ वटा विद्यालय भवन निर्माण, २ वटा विद्यँलयमा रेक्टो फीटिङ्ग, ४ वटा विद्यालय मर्मत,२ वटा सामुदायिक भवन, १ वटा वडा कार्यालय भवन, ९ वटा पक्की मन्दिर,१ वटा प्रतिक्षालय,४ वटा खेल मैदान, ६ कोठे गाँउपालिका भवन, १ वटा सामुदायिक स्वास्थ्य भवन, ५ वटा स्थानमा पहिरो नियन्त्रण, २ वटा माछापालन पोखरी निर्माण, १८३ घरको खानेपानीमा लिफ्ट प्रणालीवाट खानेपानी, १ वटा कुटानी पिसानी योजना सम्पन्न भएका छन ।

७. गाउँशलिकावाट प्रदान गरिने सेवालाई छिटो छरितो तथा प्रभावकारी वनाउनका लागि नागरिक वडापत्र तयार गरी सेवाग्राहीहरुलाई सुसुचित पार्ने कार्य गरिएको छ ।

...नन्द चौलागाई
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

८. प्रविधी मैत्री शिक्षा तथा पोषणमैत्री गाउँपालिका वनाउन विशेष कार्यक्रम संचालनका लागि टेन्डर प्रक्रियावाट २ वटा कार्यक्रम संचालन ल्याईयको छन । अबको केही दिन भित्रै सवै विद्यालयमा डिजिटल प्रविधि वाट अध्ये[illegible] अध्यापन गराइने छ ।

९. सामाजिक सुरक्षा भत्ता पाउने सवै नागरिकहरुको फोटो सहितको विवरण अध्यावधिक गरि आ.व. २०७८ देखी बैंक खाता मार्फत भुक्तनी दिने गरी व्यवस्था गरीएको छ ।

१०. गाउँपालिकावाट प्रदान गरिने सेवाहरुलाई छिटो छरितो र प्रभावकारी वनाउनका लागि आवश्यक कमचारीको जिम्मेवारी हेरफेर, पदस्थापना, परिचालन तथा अनलाईन प्रणाली मार्फत लेखा राख्ने तथा कम्प्युटर मार्फत चेक भुक्तानी कार्यको आरम्भ गरिएको छ ।

११. गाउँपालिकामा रहेका वेरोजगार युवाहरुको विवरण संकलन गरी रोजगार सेवा केन्द्रमा रोजगार व्यवस्थापन सुचना प्रणालीको स्थापना गरिएको छ ।

१२. गाउँ पालीकामा ३ वटा झोलुङ्गे पुल निर्माण भएका छन् ।

१३. यस बर्ष ३ वटा माध्यामिक विद्यालयमा कम्प्युटर ल्याव, २ वटा विद्यालयमा आधुनिक पुस्तकालय, २ वटा विद्यालयमा वासमैत्री शौचालय निमार्णको प्रक्रिया अन्तिम चरणमा पुग्नुका साथै १० वटा विद्यालयमा ईन्टरनेट मार्फत पत्राचार गर्ने व्यवस्था गरिएको छ ।

१४. सवै विध्यालयमा कम्प्युटर ,प्रोजैक्टर, प्रिन्टरको व्यवस्था गर्ने उदेश्यले टेन्डर मार्फत १ करोडका सामाग्री खरीदको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

